*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. IV, January, 2023
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# 'काम्यो लुग्लुग त्यो' कविताको सङ्कथन विश्लेषण

**भागीरथा न्यौपाने**

**Article History**: ***Received:*** 30 June 2022; ***Reviewed:*** 30 November 2022; ***Accepted:*** 10 December 2022

**सार**

*पाठको अध्ययन गर्ने भाषाविज्ञानको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा सङ्कथन विश्लेषणलाई लिइन्छ । यस लेखमा सङ्कथन विश्लेषण गर्नका निम्ति भीमनिधि तिवारीको 'काम्यो लुग्लुग त्यो' शीर्षकको कविता छनोट गरिएको छ । सङ्कथन विश्लेषण गर्ने उद्देश्यले कविताबाट शब्दगत, वाक्यगत तथा श्लोकगत तथ्यलाई आधार बनाई असम्भावनात्मक नमुना छनोट पद्धतिअनुसार तथ्य सङ्कलन गरिएको छ । सङ्कथनमा प्रयुक्त संसक्ति विश्लेषण र सन्दर्भपरक विश्लेषण गर्न गुणात्मक पद्धतिको प्रयोग गरिएको छ । माघ महिनाको चिसो मौसममा गरिब वर्गको प्रतिनिधि पात्रले भोगेका दुःख, दर्दहरूलाई मार्मिक तथा कारुणिक ढङ्गले यस फुटकर रचनामा प्रस्तुत गरिएको छ । सङ्कथनको विषयवस्तुका रूपमा नेपाली समाजको सामाजिक स्तरमा प्रत्यक्ष देखिने यथार्थ घटना आएको छ । यस कवितामा उठान गरिएको विषयवस्तु करिब छ दशक पछि व्यवस्थाको परिवर्तनअनुसार जनताको अवस्थामा परिवर्तन नआएको वर्तमान परिप्रेक्षमा पनि उत्तिकै सान्दर्भिक छ । यस कविताले आजको मानिसले निर्दयीपन त्यागेर आपसी सहयोगमा जुट्न सक्नुपर्छ भन्ने सन्देश दिनुका साथै कवितामार्फत सर्जकले सामाजिक परिवेशको बेमेलको स्थितिलाई प्रस्तुत गरी अप्रत्यक्ष रूपमा परिवर्तन तथा समानताको अपेक्षा र आह्वान पनि गरेका छन् । यो लेख सामान्यतया सन्दर्भ विश्लेषण र कविताको विश्लेषणसँग सम्बन्धित अनुसन्धानकर्ता, शिक्षक र विद्यार्थी आदिलाई सहयोगी सामग्री बन्न सक्छ भन्ने अपेक्षा गरिएको छ ।*

***मुख्य पदावली:*** सङ्कथन, संयुक्ति, संसक्ति, भौतिक सन्दर्भ, संज्ञानात्मक सन्दर्भ

## विषय प्रवेश

सिङ्गो भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिन्छ । यो वाक्यभन्दा ठुलो नटुक्रिएको सम्प्रेषणात्मक क्षमता भएको भाषिक एकाइ हो । सङ्कथनमा भाव वा विचारको पूर्णता पाइन्छ । यस अवधारणाको विकास सन् १९६० को दशकपछि भाषाविज्ञानमा वाक्यभन्दा ठुला भाषिक एकाइको अध्ययनप्रति अभिरुचि बढ्न थालेपछि भएको मानिन्छ (अधिकारी, २०६७, पृ. २४९) । उक्त समयमा पाठ र सङ्कथनका बिचमा मतभेद हुँदा कसैले पाठ र सङ्कथनलाई एउटै हुन् भनेका छन् भने कसैले फरक हुन् भनेका छन् । यसै क्रममा लिखित भाषाका रूपमा पाठलाई र बोलचालको भाषाका रूपमा सङ्कथनलाई छुट्याएको पाइन्छ । लेख्य वा कथ्य जस्तो प्रकृतिको सङ्कथन भए पनि सम्प्रेषणात्मक घटनामा सहभागीले चयन गर्ने शब्द, पदावली, वाक्य, शीर्षक आदिलाई सङ्कथनले आफ्नो विश्लेषणको क्षेत्र बनाएको हुन्छ । यस अध्ययनमा नेपाली साहित्यको प्राचीन र लोकप्रिय विधा कवितालाई विश्लेषणका निम्ति छनोट गरिएको छ । भीमनिधि तिवारीद्वारा शार्दूलविक्रीडित छन्दमा रचना गरिएको 'काम्यो लुग्लुग त्यो' कविता भूगोलेश्वरी तिवारीद्वारा प्रकाशित मुक्तक-कविता सङ्ग्रह (२०१६) मा सङ्कलित छ । पाँच श्लोकमा संरचित फुटकर

*Copyright 2023 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

कविता अन्तर्गत पर्ने यस कविताको प्रत्येक श्लोकको अन्तिम पाउ हरेक श्लोकान्तमा आवृत्ति भएको छ ।

शिक्षाशास्त्र सङ्काय अन्तर्गत सङ्कथन विश्लेषणमा शोध, अध्ययनहरू भए पनि कविता विधामा सन्दर्भ विश्लेषणभन्दा सङ्कथन विश्लेषणका युक्तिहरूमा बढी केन्द्रित भएको पाइन्छ । यस आलेखमा'काम्यो लुग्लुग त्यो' कविताको संसक्ति विश्लेषण र सन्दर्भपरक विश्लेषण गर्ने उद्देश्य राखिएको छ । लेखको उद्देश्यलाई पूरा गर्नका लागि 'काम्यो लुग्लुग त्यो' पाठमा सङ्कथनका कुन-कुन युक्तिको कसरी प्रयोग भएको छ, कवितामा प्रयुक्त भौतिक सन्दर्भ के कस्तो रहेको छ, कविताको भावमा सामाजिक, आर्थिक र वैचारिक सन्दर्भ के-कसरी प्रस्तुत भएका छन् भन्ने प्रश्नमा यो लेख केन्द्रित छ । यहाँ तिवारीको 'काम्यो लुग्लुग त्यो' कवितालाई प्राथमिक स्रोत र विविध पुस्तक, लेख, शोध ग्रन्थ आदिलाई द्वितीय स्रोतका रूपमा लिइएको छ । यस सङ्कथनबाट शब्दगत, वाक्यगत र अर्थगत तथ्यलाई असम्भावनात्मक नमुना छनोट पद्धतिअनुसार सङ्कलन गरी गुणात्मक पद्धतिका आधारमा विश्लेषण गरिएको छ ।

यस पाठभित्र माघ महिनाको जाडोमा गरिब वर्गको प्रतिनिधि पात्रका रूपमा 'त्यो गरिब' आएको छ । बिहानीपख सूर्योदयका समयमा तुसारो परेको सडकमा गरिब पात्र च्यातिएको टोपी, भोटो र सानो धोतीमात्र लगाएर सर्वाङ्ग नाङ्गै झैँ दयनीय अवस्थामा झोक्रिएर बसेको एकालापपूर्ण वार्णिक प्रसङ्ग तिवारीको यस सङ्कथनमा प्रस्तुत भएको छ । यो सङ्कथन राणाशासनको अन्त्यपछि रचना गरिएको भए पनि सरकारी तवरबाट जनतालाई दमन गर्न नछोडेको, असहाय र पीडित प्रजाहरूले आफ्ना समस्याहरू अभिव्यक्त गर्न नसकेको अवस्थाको सङ्केत गरेको हुनाले यसको निकै महत्त्व रहेको छ ।

## पूर्वकार्य र सैद्धान्तिक पक्ष

### पूर्वकार्य

भट्टराई (२०७१) ले 'सङ्कथन संरचना र संसक्ति व्यवस्था' शीर्षकको लेख प्रकाशन गरेका छन् । उनको लेखमा सङ्कथनको चिनारी, सङ्कथनको विश्लेषण, संसक्ति र यसका प्रकारको बारेमा चर्चा गरिएको छ ।

अधिकारी (२०७३), चन्द (२०७३) र पुरी (२०७३) का शोधकार्यमा सम्बद्धक र सम्बद्धनको स्थितिको चर्चा गरिएको छ । चन्द (२०७३) को शोधमा सम्बद्धक अन्तर्गत सार्वनामिक, स्थानिक, कालिक, संयोजक, प्रतिस्थापन, लोप, निपात, पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थीको प्रयोग तथा सम्बन्धनको विश्लेषण गर्दै कारण कार्य, कार्यकारण, परिमाणबोधक, सामान्य, विशिष्ट सामान्य, परिवेश घटना, घटना परिवेशको सम्बन्ध, व्यतिरेकी सम्बन्ध, प्रयोजनको सम्बन्ध, स्मरणको सम्बन्ध, आर्थी पर्याय आदि केलाइएको छ ।

कार्की (२०७४) द्वारा गरिएको शोधकार्यमा *साविति* उपन्यासमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गरी तिनको स्थिति केलाउँदै तिनको उपयुक्तता निर्क्यौल गरिएको छ । यस शोधमा सार्वनामिक, कालिक, स्थानिक र संयोजक सम्बद्धकको अत्यधिक प्रयोग भएको, समाविष्ट विचारको अन्तः शृङ्खलालाई जोड्नका लागि सन्निधान सम्बद्धक बाहेक सबैजसो सम्बद्धकको प्रयोग भएको, उपन्यासमा सम्बद्धक र सम्बद्धनको प्रयोग ठाउँ र परिवेश अनुसार उचित मात्रामा प्रयोग गरिएको निष्कर्ष निकालिएको छ ।

काफ्ले (२०७५) द्वारा *जुम्ली देउडा* गीतको कथ्य र लेख्य सङ्कथनको विश्लेषण गरिएको छ । शोधार्थी स्वयं अध्ययनक्षेत्रमा गई सामग्री सङ्कलन गरिएको कुरा उल्लेख गर्दै स्थानिक कालिक सम्बद्धकको पुनरावृत्ति भएको स्थानीय भाषिकाको प्रभाव बढी पाइने, घटना परिवेश, कार्यकारण, कारणकार्य, प्रश्नोत्तर , प्रश्नात्मक, तुलनामक आदि सम्बद्धकको सम्बन्ध रहेको निष्कर्ष निकालिएको छ ।

गौतम (२०७६) को 'रत्न बृहत् समालोचना'मा *सङ्कथन विश्लेषण* शीर्षकको आलेख प्रकाशित छ । उक्त आलेखमा सङ्कथनको अभिप्राय र क्षेत्र, सङ्कथन विश्लेषण, पाठ विश्लेषणका रूपमा सङ्कथनमा ध्वनि व्यवस्थाको अध्ययन, सङ्कथनमा संसक्ति व्यवस्थाको अध्ययन, शब्दको प्रतिज्ञप्ति

सूचकता र अप्रतिज्ञप्ति सूचकता, संयोजी शब्द र सङ्कथन संकेतक, सङ्कथनमा वाक्य व्यवस्थाको अध्ययन, असमापक उपवाक्य, आश्रित संरचना र सङ्कथनमा अनुच्छेद व्यवस्थाको अध्ययन गरी दशवटा उपशीर्षकमा विभाजन गरी सङ्कथन विश्लेषणको सिद्धान्त तयार पारिएको छ ।

पोखरेल (सन् २०१९) ले *भोलिको नेपाल* कविताको सङ्कथन विश्लेषणसम्बन्धी लेखमा व्याकरणिक संसक्ति अन्तर्गत निदर्शन, लोप, प्रतिस्थापन र संयोजक तथा सन्दर्भ विश्लेषण अन्तर्गत सहभागी सन्दर्भ, समय सन्दर्भ, स्थान सन्दर्भ, र विषय सन्दर्भको चर्चा गरेका छन् । यसैगरी नेपाल (सन् २०२१) ले *सालको पात टपरी* गीतको सङ्कथन विश्लेषण गरी लेख प्रकाशन गरेका छन् । यस लेखमा गीतको लयविधान र संरचनात्मक विश्लेषण गर्नुका साथै गीतको सन्दर्भपरक अर्थ खोजिएको छ । सन्दर्भपरक अर्थअन्तर्गत वैयक्तिक, भौतिक र संज्ञानात्मक अर्थ सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

नेपाल (२०७७) द्वारा लक्ष्मीपूजा कथाको सङ्कथन विश्लेषण गरी 'लक्ष्मीपूजा' कथाको संसक्ति र संयुक्ति प्रयोगको स्थिति केलाइएको छ । यस शोधमा कथामा प्रयोग गरिएका संसक्ति र संयुक्तिहरूले पाठलाई पठनीय, छिटो, छरितो, र कलात्मक बनाएको निष्कर्ष निकालिएको छ ।

भुसाल (२०७८ ख) ले उनको विद्यावारिधि शोधमा आधारित *सङ्कथन विश्लेषण: सिद्धान्त र प्रयोग* शीर्षकको पुस्तक प्रकाशन गरेका छन् । यसमा सङ्कथन विश्लेषण, प्रयोगात्मक कार्य र सङ्कथन विश्लेषणका सिद्धान्त समावेश गरिएको छ ।

खनिया (सन् २०२२) ले सम्बद्धकका आधारमा 'सुखसत्ता' निबन्धको सङ्कथन विश्लेषण गरेका छन् । उनको लेखमा सार्वनामिक, स्थानिक, कालिक, संयोजन, पुनरावृत्ति र लोपका आधारमा व्याकरणिक सम्बद्धक र पर्यायवाची, विपरीतार्थी, समावेशी र सन्निधानका आधारमा कोशीय सम्बद्धकहरूको सङ्कथन विश्लेषण गरिएको छ ।

न्यौपाने (सन् २०२२) ले'असनको डबली' निबन्धको सङ्कथन विश्लेषण अन्तर्गत संज्ञानात्मक सन्दर्भ विश्लेषण गरेकी छन् । सामाजिक एवम् राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा देखा परेका नकारात्मक गतिविधिहरूप्रति व्यङ्ग्य गर्दै सुधारको चेतना निबन्धमा अभिव्यक्त भएको कुरा उल्लेख गर्दै उक्त लेखमा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, वैचारिक र दार्शनिक सन्दर्भको विश्लेषण गरिएको छ ।

उपर्युक्त पूर्वकार्यहरूमध्ये सङ्कथन विश्लेषणका पुस्तकहरूमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । खनिया (सन् २०२२) ले सम्बद्धकका आधारमा मात्र निबन्धको सङ्कथन विश्लेषण गरेका छन् । यसैगरी सङ्कथनका युक्तिमा आधारित भई उल्लिखित शोधहरूमा लेख्य र कथ्य पाठको विश्लेषण गरिएको छ भने पोखरेल (२०७६), गौतम (२०७६) र नेपाल (सन् २०२१) का आलेखहरूमा सङ्कथनका युक्तिहरूका साथै सन्दर्भ विश्लेषणका केही पक्षलाई समेटेर विश्लेषण गरिएको छ । न्यौपाने (सन् २०२२) को लेखमा संज्ञानात्मक सन्दर्भको मात्र विश्लेषण गरिएको छ । संसक्ति र सन्दर्भ विश्लेषणमा आधारित भई *काम्यो लुग्लुग त्यो* कविताको सङ्कथन विश्लेषण हालसम्म गरिएको छैन । त्यसैले यहाँ उक्त कविताको सङ्कथन विश्लेषण गर्ने जमर्को गरिएको छ ।

## सैद्धान्तिक पक्ष

भाषिक अभिव्यक्तिको वाक्यात्मक तहको संरचनादेखि विस्तृत भाषिक एकाइसम्मको संरचना अन्तर्गत सङ्कथन पर्दछ । यो वाक्यभन्दा माथिको अर्थपूर्ण भाषिक उच्चार हो । सङ्कथन विभिन्न कथन घटनासँग सम्बन्धित हुन्छ र आफैँमा पूर्ण हुन्छ (पौडेल र पोखेल, २०७१, पृ.२) । अनुच्छेद, परिच्छेद र समग्र कथन सङ्कथनका विषय हुन् । यसका संरचना र सन्दर्भ गरी दुई कोणहरू छन् । संरचनाले भाषाको बाह्य स्वरूपलाई बुझाउँछ भने सन्दर्भले भाषिक अभिव्यक्तिको अर्थलाई बुझाउँछ । 'सङ्कथन' शब्द भाषाको शब्दपरक र अर्थपरक एकाइसँग सम्बन्धित रहेको हुन्छ । यसले विचारलाई भाषाका स-साना एकाइमा सूत्रबद्ध गरेको हुन्छ र यसमा भाषाका माध्यमबाट प्रस्तुत भएको अर्थको पूर्णता पाइन्छ । सङ्कथनलाई कथ्य, लेख्य र साङ्केतिक गरी तीन प्रकारमा विभाजन गरिएको छ । कथ्य सङ्कथनको

भाषिक संरचना मौखिक प्रकृतिको हुन्छ । यसलाई त्यसको प्रस्तुति, हाउभाउ, मुखमुद्रा, स्वरको उतार चढाव आदिले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । भाषिक संरचनामा लिपिबद्ध भएको हुनाले लिखित सङ्कथन कथ्यको तुलनामा कम प्रभावित हुन्छ ।

विभिन्न पाठ तथा सङ्कथनको विश्लेषणलाई सङ्कथन विश्लेषणको संज्ञा दिइएको छ । भाषावैज्ञानिक जेलिङ ह्यारिसले भाषातत्त्वको वितरणबारे चर्चा गर्दा सङ्कथन विश्लेषण शब्दको सर्वप्रथम प्रयोग गरेका हुन् (अधिकारी, २०६७) । स्टूब्स (सन् १९८३) का अनुसार सङ्कथन विश्लेषण प्राकृतिक भाषाको समाजभाषावैज्ञानिक विश्लेषण हो किनभने जुन सामाजिक परिवेशमा भाषा प्रयोग भएको छ, त्यस परिवेशको वास्तविक सन्दर्भ र वस्तुस्थिति भाषामा झल्किएको हुन्छ । प्रारम्भमा सन् १९६० को दशकतिर सङ्कथन विश्लेषणलाई मानिसका लिखित तथा मौखिक भाषिक व्यवहारको निश्चित सामाजिक परिवेशमा व्याख्या र विश्लेषण गर्ने भाषाविज्ञानको शाखाको रूपमा मात्र हेरिने गरिए पनि यो बृहत्तर अन्तरविषयक क्षेत्रको रूपमा विस्तारित भएको छ । हाल आएर सामाजिक-राजनीतिक सिद्धान्तविद्, समाजशास्त्री, मानवशास्त्री, कम्प्युटर विज्ञ, व्यापार तथा कानुनविद्का साथै सञ्चारविज्ञहरूको पनि ध्यानाकर्षण भएको पाइन्छ (भाटिया, फ्लावरड्यु र जोन्स मू सन् २००८ मू पृ.१) । "सङ्कथन विश्लेषणको पृष्ठभूमि र विकास प्रतीकविज्ञान र आख्यानको अध्ययन गर्ने फ्रान्सेली पद्धति, डेल हाइम्स (१९६४), को भाषा सामाजिक सन्दर्भ, अस्टिन (१९६२), सर्ल (१९६९) र ग्राइस (१९७५) को भाषालाई सामाजिक कार्यका रूपमा व्याख्या गर्ने सिद्धान्तका साथै प्रकरणार्थ विज्ञानसम्बन्धी अध्ययनसँग सम्बन्धित देखिन्छ" (अधिकारी, २०६७, पृ.२५०) । पाठ वा सङ्कथन संरचना र अर्थको व्याख्या, विश्लेषण अर्थात् भाषाको विस्तारित रूपको अध्ययन, विश्लेषण गर्ने काम यसमा गरिन्छ । त्यसैले सङ्कथनको विश्लेषण गर्दा भाषाको विस्तारित स्वरूपको अध्ययन गरिन्छ ।

**सङ्कथनका युक्तिहरू**

सङ्कथनका संसक्ति र संयुक्ति गरी दुई युक्तिहरू छन् । ह्यालिडे र हसन (सन् १९९१) ले पाठको आर्थी सम्बन्धलाई मूल आधार मानेर यसमा संसक्तिगत युक्तिको चर्चा गर्दै संयुक्तिका विषयमा सन्दर्भतालाई पाठीय महत्त्व, विचारधारा र परिस्थितिगत सन्दर्भतालाई जोड दिएका छन् । यसैगरी डेभिड क्रिस्टलले भाषाविज्ञान र ध्वनिविज्ञानको शब्दकोशमा संयुक्तिलाई अन्तःसंरचनामा रहने प्रकार्यपरक सम्बन्ध मानेका छन् । संसक्ति र संयुक्ति सिद्धान्तलाई प्रकार्यवादी, प्रयोगार्थवादी तथा सङ्कथनवादीले पाठको विश्लेषणका क्रममा उपयोग गरेका छन् (लुइटेल, २०७४, पृ.९) । बाह्य संरचनामा आउने र सङ्कथनका एकाइ वा वाक्यांशकाबिच सम्बन्ध कायम गर्ने प्रमुख युक्ति संसक्ति हो भने पाठभित्र आन्तरिक तहमा रहेर प्रकार्यपरक सम्बन्ध कायम गर्ने युक्ति संयुक्ति हो । पाठको संयुक्तिको विश्लेषणको महत्त्वपूर्ण पद्धतिका रूपमा ह्यालिडेले उल्लेख गरेका परिस्थितिगत सन्दर्भलाई अन्य भाषाविद्हरूले पनि जोड दिएका छन् ।

संसक्ति र संयुक्ति सिद्धान्तको सामान्य चर्चा निम्नानुसार गरिएको छ :

**संसक्तिः** सङ्कथनमा प्रयुक्त बाह्य सम्बन्ध संसक्ति हो । यसलाई सम्बद्धक पनि भनिन्छ । अंग्रेजी भाषामा यसलाई *कोहेजन* भनिन्छ । यो भाषिक पक्षसँग सम्बन्धित भई जोडकको काम गर्दछ । “संसक्ति त्यस्तो रसायन हो; जसले कुनै पाठभित्रका एकाइहरू (संवाद, मनोवाद, अनुच्छेद, वाक्य, उपवाक्य, पदावली आदि) लाई जोड्दै भाषिक एकाइका बीचमा अन्तर बाह्य समन्वय कायम गर्छ” (पौडेल र पोखेल, २०७१ पृ.२०) । यसले अभिव्यक्तिलाई प्रसङ्गपूर्ण बनाउँछ । संसक्तिले विषय र प्रसङ्गको मागअनुसारका पदहरूलाई मालाको रूपमा उनेर पूर्ण र अर्थयुक्त संरचना बनाउनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले वर्गीकरण गरेका भए पनि समग्रमा यसका प्रकारलाई तल प्रस्तुत गरिएको छ :

***व्याकरणिक संसक्ति*** : व्याकरणिक एकाइहरूद्वारा निर्मित संसक्ति नै व्याकरणिक संसक्ति हो । यसले सङ्कथनमा अभिव्यक्त भएको विचारलाई परस्परमा उन्ने सिक्रीको भूमिका खेलेको हुन्छ (भुसाल, २०७८ क, पृ. ५३) । यो विशेषगरी संरचना पक्षसँग सम्बन्धित हुन्छ । सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन गरी व्याकरणिक संसक्ति चार प्रकारका हुन्छन् (भुसाल, २०७८ क, पृ. ५३) । सार्वनामिक शब्द, कालिक शब्द, संयोजक शब्द, निपात आदिजस्ता संसक्तिहरूले सङ्कथनको संरचना निर्माण गर्दछन् । सङ्कथनमा कतिपय पद तथा पदावलीहरू प्रतिस्थापन भएर रहने तथा कतिपय पद, पदावलीहरू लोप पनि हुने गर्दछन् । प्रतिस्थापन र विलोपन दुवैका नामिक, क्रियात्मक र उपवाक्यात्मक गरी तीन/तीन प्रकार रहेका छन् ।

***कोशीय संसक्ति*** : शाब्दिक एकाइद्वारा निर्मित संसक्ति कोशीय संसक्ति हो । यो शाब्दिक प्रकृतिको हुन्छ । खुला किसिमको भाषिक व्यवस्था र सम्बन्ध जनाउने भाषिक सूचकहरू शब्दका रूपमा सङ्कथनमा प्रयुक्त हुन्छन् । कुनै व्यक्ति, घटना र विषयसँग सम्बन्धित भएर आउने कोशीय संसक्तिहरू सम्बन्धित भाषाबाट र अन्य जुनसुकै स्रोतबाट पनि आउने हुनाले सार्वभौम प्रकृतिका हुन्छन् (पौडेल र पोखेल, २०७१) । कोशीय संसक्तिहरू पुनरूक्ति र सन्निधान गरी दुई प्रकारका छन् । पुनरूक्तिका पनि पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग गरी पाँच प्रकार रहेका छन् (भुसाल, २०७८ क, पृ. ७१) । अङ्गी शब्दले पूर्णता र अङ्ग शब्दले सोही पूर्णताभित्रको अंशलाई जनाउने हुँदा यी दुईको सम्बन्धलाई अङ्गी- अङ्ग भन्ने गरिन्छ ।

**संयुक्तिः** सन्दर्भगत अर्थसँग सम्बन्धि हुनाले यसलाई सम्बद्धन *(कोहेरेन्स)* पनि भनिन्छ । संयुक्ति अभिव्यक्तिको वैचारिक सिलसिला जोड्ने अन्तःसूत्र तथा आन्तरिक सङ्गति कायम गर्ने युक्ति हुनाले यसलाई पाठको प्राण मानिन्छ । सङ्कथन विश्लेषणमा यसको केन्द्रीय भूमिका रहन्छ । विषयवस्तु, त्यसको क्रमबद्ध वैचारिक प्रस्तुति, विषयको परिवेश, वक्ता वा लेखक र श्रोता वा पाठकको मानसिक समानताका बीचको उपयुक्त तालमेल नै सम्बद्धन हो (ढकाल, २०६८, पृ. २५) । कुनै पनि पाठको विविध अर्थ सन्दर्भ र पाठको विषय बोध गर्नका लागि प्रस्तोता र बोद्धाको अनुभव, परिवेशका साथै भाषिक जोर्नी पनि मिल्नु आवश्यक छ । पौडेल र पोखेल (२०७१) का अनुसार सङ्कथन वा पाठभित्र सम्बद्धन पहिल्याउने निम्न आधारहरू रहेका छन् :

> कार्य कारण वा कारण कार्य सम्बन्ध, प्रभाव र असरको सम्बन्ध, सामान्य र विशिष्टि सम्बन्ध, परिवेश र घटना वा घटना र परिवेशको सम्बन्ध, व्यतिरेकी तुलनाको सम्बन्ध, स्मरणको सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध, प्रयोजनको सम्बन्ध, अनुमानको सम्बन्ध, परिचयात्मक सम्बन्ध, व्याख्यात्मक सम्बन्ध, समुच्चाबोधक सम्बन्ध, रीतिबोधक सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थगत सम्बन्ध, सन्निधान सम्बन्ध, इन्द्रिय र मस्तिष्कको सम्बन्ध, निहितार्थ सम्बन्ध, पुनरुक्ति सम्बन्ध, युगपदबोधक सम्बन्ध र आज्ञार्थ सम्बन्ध ।

यस्ता विविध अर्थसम्बन्धका आधारमा पाठ वा सङ्कथनमा प्रयुक्त वैचारिक अन्तःसूत्रको निरन्तरतालाई विश्लेषण गर्न सकिन्छ । उपर्युक्त आधारमा संसक्ति भनेको सङ्कथनमा प्रयुक्त बाह्य सम्बन्ध हो र संयुक्ति भनेको आन्तरिक सम्बन्ध हो भन्ने बुझिन्छ । यी दुईमध्ये संसक्तिले सङ्कथनमा जोर्नीको भूमिकामा रही वैचारिक सिलसिला मिलाउने, तुलना गर्ने, स्पष्टीकरण दिने आदि जस्ता कार्य गर्दछ भने संयुक्तिले सङ्कथनमा अभिव्यक्तिको आन्तरिक र परिवेशगत पक्षलाई समेटेको हुन्छ । संयुक्तिले वक्ताका अभिव्यक्तिगत परिवेशसँग श्रोताका अनुभवको परिवेशको तालमेल मिलाउँछ । वक्ता वा लेखकका अभिव्यक्ति बुझ्नका लागि वैचारिक अभिव्यक्तिगत शृङ्खला मिलेको हुनु पर्दछ ।

## सन्दर्भ विश्लेषण

सङ्कथनमा भाषा र सन्दर्भ गरी दुईवटा संरचक घटकहरू रहेका हुन्छन् । पाठको अर्थ सन्दर्भ कुनै न कुनै रूपमा पाठभित्र नै अभिव्यक्त भएको हुन्छ । कार्टर र सिम्पसन (सन् १९९५) का अनुसार सङ्कथन विश्लेषण भाषाको आन्तरिक संरचनाको विश्लेषणमा मात्र सीमित नरही भाषाभन्दा वृहत् सामाजिक संरचनाका सन्दर्भहरूसँग पनि जोडिएर आएको हुन्छ (पृ. १४) । सङ्कथन विश्लेषण गदा सङ्कथनको भाषिक सन्दर्भका आधारमा मात्र कुनै पाठको सङ्कथन विश्लेषण गर्न सकिँदैन; त्यस पाठले प्रस्तुत गर्न खोजेको अर्थ पक्षलाई उजागर गर्नका लागि रचनाकारको स्थानिक, शैक्षिक र वैचारिक पक्षसँग सम्बन्धित सामाजिक-ऐतिहासिक र सांस्कृतिक पक्षसँग पनि जोडेर विश्लेषण गर्नुपर्ने हुन्छ । तसर्थ सङ्कथन विश्लेषणका क्रममा कुनै पनि पाठको सन्दर्भ विश्लेषण गर्दा पाठमा प्रयुक्त भएका विविध सन्दर्भहरूको खोजी गरिन्छ । सन्दर्भमा ती भौतिक पक्षहरू जस्तै स्थान, समय, काल, पक्ष, विषय लगायत भाषिक अन्तक्रियामा सम्बद्ध विविध पक्षहरू पर्दछन् (गि, सन् १९९९) । पाठमा निहित सन्दर्भहरू सामान्यतः भौतिक र संज्ञानात्मक गरी दुई प्रकारका हुन्छन् । पौडेल र पोखेल (२०७१) तथा पोखरेल (सन् २०२१) ले भौतिक सन्दर्भका स्थानगत सन्दर्भ, कालगत सन्दर्भ र सहभागीगत सन्दर्भ (सम्बोधक, सम्बोधित) गरी तीन सन्दर्भहरू र संज्ञानात्मक सन्दर्भका सामाजिक सन्दर्भ, आर्थिक सन्दर्भ, राजनीतिक सन्दर्भ, धार्मिक - सास्कृतिक सन्दर्भ, वैचारिक सन्दर्भको चर्चा गरेका छन् ।

**स्थानगत सन्दर्भ**: सर्जकले सिर्जना गरेको सङ्कथनको परिवेशले स्थानगत सन्दर्भलाई बुझाउँछ । पाठलाई बुझ्नका लागि यसले निकै महत्त्वपूर्ण भूमिका खेल्दछ । "संज्ञानात्मक अर्थ वा प्रयोक्ताको आशयगत अर्थलाई पुष्टि गर्न स्थानगत सन्दर्भहरूले विभिन्न सूत्र वा सुरका सङ्केतहरू प्रदान गरेका हुन्छन्" (पौडेल र पोखेल, २०७१, पृ. ४१) । यस्ता सन्दर्भहरूको माध्यमबाट पाठको गहिराइसम्म पुगेर सामाजिक, आर्थिक, राजनीतिक आदि पक्षहरू खोतल्न मार्ग प्रशस्त हुन्छ ।

**कालगत सन्दर्भः** पाठमा प्रयुक्त विचार, घटनाक्रम तथा कथ्य आदि कुन कालखण्डमा घटित भएको हो भन्ने कुरालाई प्रस्ट्याउन समयगत सन्दर्भ आएको हुन्छ । पाठको कालिक सन्दर्भले त्यस पाठको समसामयिकता, ऐतिहासिकता, मिथकीयता, पौराणिकता आदिको सङ्केत गरेको हुन्छ (पौडेल र पोखेल, २०७१, पृ.४२) । यस्ता सङ्केतहरूको माध्यमबाट विभिन्न अर्थ सन्दर्भहरू पत्ता लगाउन सहयोग मिल्दछ ।

**सहभागीगत सन्दर्भः** पाठको घटनाक्रमलाई अगाडि बढाउन र पाठमा सहभागिता जनाउनका लागि प्रत्यक्ष र साङ्केतिक रूपमा विभिन्न पात्रहरूको प्रयोग गरिएको हुन्छ । "के-कस्ता सहभागीहरू के-कस्तो परिवेशमा आएर निश्चित सहभागितात्मक भूमिकाको निर्वाह गर्दछन् भन्ने कुरा सहभागीगत सन्दर्भ अन्तर्गत विश्लेषण गर्न सकिन्छ" (पौडेल र पोखेल, २०७१, पृ.४३) । पाठमा प्रयुक्त पात्रहरूले आ-आफ्नो संस्कार, संस्कृति, परिवेश, वर्ग, समाज, भाषिक स्थिति, भौगोलिक अवस्था आदिका आधारमा आफ्नो निश्चित भूमिका निर्वाह गरेका हुन्छन् ।

**सामाजिक सन्दर्भः** पाठहरू कुनै न कुनै समाजसँग जोडिएका हुन्छन् । निश्चित सामाजिक सन्दर्भहरू जोडिएका पाठहरूमा आञ्चलिकता पाइन्छ । पाठका सहभागीहरू कुनै निश्चित समाजसँग जोडिएर आई त्यहाँका विविध पक्षहरूको प्रतिनिधित्व गरेका हुन्छन् । उनीहरूका गतिविधि तथा त्यहाँ प्रयुक्त समय र स्थानले सम्बन्धित समाजको सामाजिक सन्दर्भ तथा त्यहाँको वस्तुस्थितिका बारेमा बुझ्न सहजता प्रदान गरेका हुन्छन् ।

**आर्थिक सन्दर्भ**: पाठको परिवेशगत आशय तथा सामाजिक सन्दर्भले त्यहाँको आर्थिक सन्दर्भलाई सङ्केत गरेको हुन्छ । यस्ता सन्दर्भहरू कहीँ प्रत्यक्ष रूपमा प्रस्तुत भएका हुन्छन् भने कहीँ अप्रत्यक्ष वा परोक्ष रूपमा रहेका हुन्छन् ।

**राजनीतिक सन्दर्भः** समसामयिक सन्दर्भका सवालहरूबाट प्रस्तोता टाढा रहन सक्दैन । सर्जकले पाठमा कुनै न कुनै सङ्केतको माध्यमबाट राजनीतिक विचारहरू प्रवाह गरेको हुन सक्छ ।


**धार्मिक-सांस्कृतिक सन्दर्भः** यसअन्तर्गत मानिसको जीवनशैली, भेषभूषा तथा पहिरन, चाल चलन, रहनसहन, व्यवहार, विभिन्न प्रकारका संस्कारका कुराहरू आदि पर्दछन् । यस्ता विभिन्न पक्षहरूले सम्बन्धित पाठको संज्ञानात्मक पक्षलाई प्रस्तुत गरेको हुन्छ ।

**वैचारिक सन्दर्भः** पाठमा प्रयुक्त भौतिक र संज्ञानात्मक अन्तर्गतका पक्षहरू प्राय प्रस्तोताको विचारमा भर पर्दछन् । ती पक्षहरूले वैचारिक निचोडलाई प्रस्तुत गरेका हुन्छन् । यो सन्दर्भ सबैभन्दा महत्त्वपूर्ण मानिन्छ ।

सङ्कथनका युक्तिहरूमध्ये व्याकरणिक संसक्ति अन्तर्गतका सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजक तथा कोशीय संसक्ति अन्तर्गतका पुनरूक्ति र सन्निधान जस्ता उपशीर्षकहरूलाई लेखकअनुसार फरक ढङ्गले प्रस्तुत गरिएको हुन्छ । यस लेखमा भुसाल (२०७५) ले उनको विद्यावारिधि शोधमा प्रस्तुत गरेका व्याकरणिक र कोशीय संसक्ति अन्तर्गतका उपशीर्षकहरूलाई विश्लेषणको आधार मानिएको छ । उनको शोधमा सन्दर्भ विश्लेषण गरिएको छैन । प्राय शिक्षाशास्त्र सङ्कायका अनुसन्धानहरूमा सङ्कथनका युक्तिहरूमध्ये संसक्ति र संयुक्तिलाई आधार मानेर विश्लेषण गरिएको पाइन्छ । यसभन्दा केही फरकपन ल्याउनका लागि यस लेखमा कविताको सन्दर्भ विश्लेषण पनि गर्ने प्रयास गरिएको छ । विश्लेषणका लागि छनोट गरिएको तिवारीको *काम्यो लुग्लुग त्यो* कविता फुटकर रचना भएको हुनाले सन्दर्भ विश्लेषणका केही पक्ष (शीर्षक तथा उपशीर्षक) लाई यस लेखमा समावेश गरी विश्लेषण गरिएको छ ।सन्दर्भ विश्लेषणका क्रममा यहाँ चयन गरिएको कविताको भाषा, शैली र भावअनुसार भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भका केही उपशीर्षकहरूलाई मात्र समेटेर पौडेल र पोखेल (२०७१) को पुस्तक र न्यौपाने (सन् २०२२) को लेखलाई आधार मानिएको छ । कविताबाट सङ्कलन गरिएका तथ्यलाई विश्लेषणका निम्ति अपनाइएको ढाँचालाई चित्र १ र २ मा प्रस्तुत गरिएको छ ।


क.पुनरुक्तिः
पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी
ख. सन्निधान
क.सन्दर्भनः व्यक्तिवाचक, दर्शकवाचक, तुलनात्मक
ख.प्रतिस्थापनः नामिक, क्रियात्मक
ग. विलोपनः नामिक, क्रियात्मक
घ.संयोजकःयोगात्मक, विपरीतार्थक

*चित्र १.* सङ्कथनका युक्तिहरू




*स्रोतः भुसाल, २०७५*

*चित्र २.* सन्दर्भ विश्लेषण




*चित्र २.* सन्दर्भ विश्लेषण

*स्रोतः पौडेल र पोखेल(२०७१) ; न्यौपाने (सन् २०२२)*

**विश्लेषण**

'काम्यो लुग्लुग त्यो' कवितामा प्रयोग भएका विविध संसक्तिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**व्याकरणिक संसक्ति**

कवितामा प्रयुक्त वाक्य वा विषयलाई परस्पर संयोजन गर्ने भाषिक युक्तिलाई व्याकरणिक संसक्ति भनिन्छ । यो भाषाको बन्द व्यवस्था हो । व्याकरणिक संसक्तिलाई पनि विभिन्न भागमा वर्गीकरण गरिएको छ; जुन यस प्रकार छन् :

**सन्दर्भनः** सङ्कथनमा विषय, स्थान वा सहभागीलाई जनाउन विभिन्न प्रकारका सन्दर्भनको प्रयोग गरिन्छ । यस कवितामा प्रयुक्त सन्दर्भनलाई व्यक्तिवाचक सन्दर्भन, दर्शकवाचक सन्दर्भन र तुलनात्मक सन्दर्भन गरी तीन भागमा विभाजन गरिएको छ । व्यक्तिवाचक सन्दर्भन अन्तर्गत तृतीय पुरुषवाचक सन्दर्भन 'त्यसमा, उसको, को, की' रहेका छन् भने दर्शकवाचक सन्दर्भन अन्तर्गत 'त्यो गरिब' र 'त्यसमा' दुई पदहरू रहेका छन् । यसैगरी सन्दर्भित एकाइहरूमध्ये हिउँलाई चिनीसँग, पानीलाई ऐना, लँगोटीलाई चार औंलाको आकार, तुसारोलाई सेतो रङ, कठ्याङ्ग्रिएका हात खुट्टाका औँलाहरूलाई नीलो रङ, पैताला र कुर्कुच्चा फुटेर चिरा-चिरा परेको अवस्थालाई रगत टम्म भरिएको भनी, शरीरको चिसोपनलाई बरफसँग, भोकाएको पेटलाई तापसँग र श्वासलाई बाफसँग तुलना गरिएको कुरा तालिका १ मा प्रस्तुत गरिएको छ ।

*तालिका १. तुलनात्मक सन्दर्भन*

| | तुलनात्मक सन्दर्भन | सन्दर्भित एकाइ |
|---|---|---|
| १. | चिनी झरे झैँ | सेतै हिउँ परेको |
| २. | जलमा ऐना जमेको | पानी जमेका |
| ३. | चार अङ्गुल धरो | लँगोटी (धोती) |
| ४. | ...सेता भएका दुवै | आँखीभौँमा तुषारो परेको |
| ५. | ...नीला भएका सबै | चिसोले कठ्याङ्ग्रिएर हात खुट्टाका औँलाहरू नीला भएका |
| ६. | पैताला... रक्त टप्काउँदै | जुत्ता चप्पल नलगाएका कारण चिसोले खुट्टाका पैताला र कुर्कुच्चा फुटेर चिरा-चिरा परेका |
| ७. | ...हिमालको बरफ झैँ | शरीर धेरै चिसो भएको |
| ८. | आगो बल्दछ पेटभित्र ... सल्कन्छ झन् | अत्यधिक भोक लागेर पेट पोलेको अवस्था |
| ९. | निस्कन्छन् मुखबाट धूम कुहिरो झैँ ... | धेरै जाडो मौसममा श्वास फेर्दा देखिनु |

**प्रतिस्थापनः** कुनै एक पद, पदावली, उपवाक्य, वाक्य वा अनुच्छेद आदिमा सोही अर्थ दिने अर्को पद, पदावली, उपवाक्य, वाक्य वा अनुच्छेदको प्रयोग गर्ने प्रक्रियालाई प्रतिस्थापन भनिन्छ । यस पाठमा प्रयुक्त नामिक प्रतिस्थापनका रूपमा चिनी, अङ्गुल, धरो, आगो, धूम कुहिरो, नङ्गा आदि नामिक पदहरूको प्रतिस्थापन भएको छ भने लाली शब्दले विशेषणको प्रतिस्थापन गरेको छ । वाक्यमा एउटा कर्ताअनुसारको क्रिया प्रयोग गर्ने स्थानमा अर्को क्रियापदको प्रयोग गर्दा क्रियात्मक प्रतिस्थापन हुन्छ । पाठमा प्रस्तुत भएका क्रियात्मक प्रतिस्थापनहरूलाई तालिका २ मा प्रस्तुत गरिएको छ :

*तालिका २. क्रियात्मक प्रतिस्थापन*

| | **क्रियात्मक प्रतिस्थापन** | |
|---|---|---|
| १. | पैताला छ | पैताला छन् |
| २. | लाली चढ्यो | रातो भयो |
| ३. | काखीभित्र घुसारी | काखीमा च्यापेर |
| ४. | कर दुवै छोपेर ... | दुवै हात काखीमुनि लुकाएर |
| ५. | निस्कन्छन् मुखबाट धूम कुहिरो | मुखबाट धुवाँजस्तै श्वास निस्कन्छ |

तालिका २ मा राखिएका पदहरूमध्ये पहिलो क्रियापदमा मानिसका दुई वटा खुट्टाका पैताला *छन्* भन्ने बहुवचनगत क्रियाका स्थानमा एकवचनगत क्रिया *छ* को प्रयोग गरिएको छ । यसैगरी दोस्रोमा बिहान घाम उदाउने समयमा पूर्वतिरको आकाश रातो देखिनुलाई *रातो* विशेषणलाई *लाली* शब्दले प्रतिस्थापन गरेको छ भने *भयो* क्रियालाई *चढ्यो* क्रियाले प्रतिस्थापन गरेको छ । तेस्रोमा *च्यापेर* असमापक क्रियालाई *घुसारी* असमापक क्रियाले प्रतिस्थापन गरेको देखिन्छ । चौँथोमा *लुकाएर* असमापक क्रियालाई छोपेर असमापक क्रियाले र पाँचौँमा स्वास *निस्कन्छ* एकवचनगत समापक क्रियालाई *निस्कन्छन्* बहुवचनगत क्रियापदले प्रतिस्थापन गरेका छन् ।

**संयोजनः** यस सङ्कथनमा 'तथा', 'गरी, 'अनि, 'भनी' आदि योगात्मक संयोजन प्रयोग भएका छन् भने 'तर' एउटा मात्र विपरीतार्थक संयोजनको प्रयोग भएको छ ।

## कोशीय संसक्ति

पाठमा प्रयुक्त भएको खुला किसिमको भाषिक व्यवस्था र सम्बन्धलाई कोशीय संसक्ति भनिन्छ । पुनरूक्ति र सन्निधान गरी यो दुई प्रकारको हुन्छ ।

**पुनरूक्तिः** पुनरूक्ति अन्तर्गत पुनरावृत्ति, पर्यायवाची, समावेशी र विपरीतार्थी पर्दछन् । यस सङ्कथनमा थियो, कैले (कहिले) आदि - शब्दहरू र 'काम्यो लुग्लुग त्यो गरीब विचरा त्यस्मा दया गर्छ को ?' पङ्क्तिको बारम्बार पुनरावृत्ति भएको छ । ठण्डा - जाडो, बरफ - हिउँ - तुसारो तथा धूम - कुहिरो आदि शब्दहरू पर्यायवाची शब्दको रूपमा प्रयोग भएका छन् भने 'शरीर' शब्दमा समावेशी भएर - शिर, छाती, पिठ्यूँ, आँखीभौँ, खुट्टाका औँला, नङ, पैताला, काखी, पेट, मुख, दाँत आदि शब्दहरू प्रयोग भएका छन् । यिनीहरू 'शरीर' शब्दमा समावेशित छन् । यसैगरी 'निभ्दैन - सल्कन्छ' विपरीतार्थी शब्दका रूपमा प्रयुक्त देखिन्छन् ।

**सन्निधानः** यस सङ्कथनमा 'जाडो' शब्दसँग ठण्डा - तुषारो - बरफ - धूम - कुहिरो आदि तथा 'गरीब' शब्दसँग फाटेको टोपी - धोती - नाङ्गो शरीर जस्ता पद, पदावलीहरू सन्निधान भएर आएका छन् ।

## कविताको सन्दर्भ विश्लेषण

**समय सन्दर्भः** जाडो मौसमको सेरोफेरोमा नै पाठ अगाडि बढेको छ । यस पाठको समय सन्दर्भले अति गरिबीको रेखामुनि रहेका मानिसको दयनीय अवस्थालाई देखाउन खोजेको छ । पाठको पहिलो श्लोकमा माघ महिना, जाडो मौसम, हावा चलेको बिहानी, सूर्योदयको समय, हिउँ परेको समय; दोस्रो श्लोकमा शिर, छाती र सर्वाङ्ग शरीर देखिएको समय; तेस्रो श्लोकमा तुसारोले आँखीभौँ सेता

भएको अवस्था, औँला र नङहरू छियाछिया भएको समय; चौथो श्लोकमा लाली चढेको (सूर्य उदाउन लागेको) समय र पाँचौं श्लोकमा ठण्डाका कारण मुखबाट कुहिरो झैँ श्वास निस्किएको आदि विविध समय सन्दर्भहरूले यस सङ्कथनलाई कारूणिक तथा मार्मिक बनाएको छ ।

**स्थान सन्दर्भ**: माघको कठ्याङ्ग्रिने जाडोमा सिरसिर हावा चलेको ठाउँमा गरीब पात्र करिब सर्वाङ्ग नाङ्गै झैँ टुक्रुक्क बसेको छ । घरको छानो, पथ, चउर सबैतिर हिउँ-तुसारो परेको सेताम्मे स्थानको वर्णन गरिएको छ । सडक छेउमा 'त्यो गरिब' पात्र बसेर आफू बसेको स्थानबाट पूर्वतर्फ हेर्दै, हिमाल र आकाशको छितिजबाट घाम झुल्किएपछि शरीरले न्यानो अनुभव गर्न पाउने झिनो आश बोकेको छ । सडक किनारमा बसेको गरिबलाई दया गर्ने कोही व्यक्तिको पनि कवितामा वर्णन गरिएको छैन । सबैबाट अपहेलित भएपछि भोक र रोगको कुनै हेक्का नराखी प्राण रहुन्जेल ऊ प्रकृतिकै न्यानो पाइएला भन्ने आशमा पूर्वतिर हेर्दै कक्रिन बाध्य छ ।

मानव शरीरका स्थानहरूमा शिर, छाती, पिठ्यूँ, आँखीभौँ, खुट्टाका औँला, नङ, पैताला, काखी, पेट, मुख, दाँत आदिको वार्णिक प्रस्तुति यस पाठमा रहेको छ । माघको ओसिलो बिहानमा तुसारोले आँखीभौँ दुवै सेता देखिएका छन् । हातखुट्टाका औँलाहरू कठ्याङ्ग्रिएर सबै नीला भैसक्दा पनि उसले कसैलाई आफ्नो पीडा र अवस्थाका बारेमा भन्न सकेको छैन; जसले नेपाली जनताको निरीहतालाई सङ्केत गरेको जस्तो देखिन्छ ।

**सहभागी सन्दर्भ**: गैरभावात्मक सञ्चरण तहमा लेखक सम्बोधक र पाठक सम्बोधितका रूपमा रहेका छन् । भावात्मक सञ्चरण तहमा 'गरिब' पात्रको वर्तमान अवस्थाको विश्लेषक वाचकका रूपमा देखिन्छ। वाचकले (तृतीय पुरुष) कविताभन्दा बाहिर बसेर कविका विचारको बेलीबिस्तार गरेको छ। यस पाठका सम्बोधक र सम्बोधित सन्दर्भलाई तल प्रस्तुत गरिएको छ:

***सम्बोधक:*** कवितामा सम्बोधकले वाचकको भूमिका निर्वाह गरेको छ । सम्बोधक र सम्बोधित दुवै तृतीय पुरुष दृष्टिबिन्दुमा रहेका छन् । सङ्कथनमा सम्बोधक अत्यन्त सक्रिय रही सम्बोधकद्वारा 'त्यो गरिब' सहभागीको बारेमा वर्णन गरेको छ। वाचकले कविता वाचन गर्दा गरिबको नाजुक स्थिति (लुगा च्यातिएर धुजाधुजा भएको, चिसोले हात खुट्टा फुटेर चिरा चिरा परेको) को वर्णन गर्दा कठ्याङ्ग्रिएको शरीरको दृश्यले वाचक विक्षुब्ध अवस्थामा पुगेको अनुभव गर्न सकिन्छ ।

***सम्बोधित:*** कविताको श्रोता वा पाठक सम्बोधित पात्र हो । यस पाठमा सम्बोधितको अपेक्षा मात्र गरिएको हुनाले सम्बोधितलाई बढी भूमिका प्रदान गरिएको तर सम्बोधित अत्यन्त निष्क्रिय रहेको देखिन्छ । भूतकालमा देखेको दृश्यलाई वर्तमान कालमा सम्बोधकले सम्बोधितलाई सुनाएको शैलीमा कविताको विचार प्रस्तुत भएको छ । 'त्यो गरिब' पात्र माघ महिनाको हिउँ/तुसारो परेको बिहानको समयमा भोकै र करिब सर्वाङ्ग नाङ्गै देखिएको मार्मिक दृश्य सम्बोधक समक्ष प्रस्तुत गरिएको छ ।

**सामाजिक सन्दर्भ:** माघ महिनाको प्रभातकालीन समयमा सर्वाङ्ग नाङ्गो शरीर सडक छेउमा कठ्याङ्ग्रिएको कारुणिक दृश्यले हाम्रो समाज अरुप्रति बेप्रवाह बन्दै गएको देखाउन खोजिएको छ । नेपाली समाजका गरिब, असहाय वर्गको प्रतिनिधि पात्रलाई उद्धृत गर्दै कविताका माध्यमबाट आम जनमानस समक्ष प्रस्तुत गरिएको छ । अरूको पीडालाई आफ्नै सरह महसुस गर्ने, दुःख पीडामा परेका, रोगी र भोकाएका मानिस मात्र होइन पशुपक्षीको समेत स्याहार सुसार र हेरचाह गर्ने, सेवा नै धर्म होभनेर मान्ने नेपाली समाजबाट यस्ता तमाम परोपकारी गुण हराउँदै गएको छ भन्ने कुरालाई गरिब पात्रको त्यस कारुणिक दृश्य देखेर पनि नदेखेझैँ गर्ने परिवेशमार्फत उजागर गर्न खोजिएको छ । गरिबको पीडा देखेर विक्षुब्ध बनेका कविद्वारा दुःखीहरूको पीडालाई बुझ्न र समस्याको समाधान खोज्नका लागि सर्वसाधारण र स्थानीय भद्र भलाद्मीहरूलाई मात्र होइन तत्कालीन सरकार तथा उच्च वर्गका व्यक्तिहरूलाई समेत आग्रह गरेको आभास यस पाठबाट पाउन सकिन्छ ।

**आर्थिक सन्दर्भ**: गास, बास र कपास नपाएर सडक छेउमा बसेको 'गरिब' पात्रले विपन्न वर्गको प्रतिनिधित्व गरेको छ। हालसम्म पनि काठमाडौँ उपत्यका लगायत धेरै सहरहरूमा यस्ता पात्रहरू यत्र-तत्र पाउन सकिन्छ। काम, माम र दाम कमाउने अनि आफू र आफ्ना परिवारको उज्ज्वल भविष्यको यात्रा तय गर्ने कल्पनाले पहिलेदेखि नै मानिसहरू ठूला सहर र काठमाडौँ उपत्यकामा आउने प्रचलन रहेको छ तर सहरको जीवन र सहरका मानिस सोचेजस्ता हुँदैनन्। यहाँ *तँ भोकाएको छस् कि, तिर्खाएको छस् कि* भनेर सोध्ने कोही छैनन्। सबैजना आ-आफ्नो धुनमा हुन्छन्। कसैलाई अरूको बारेमा सोच्ने र सहयोग गर्ने न त समय छ, न त दिल नै मू सहरमा त कसरी आर्थिक रूपमा समृद्ध बन्ने महत्त्वकाङ्क्षा वा कसरी आफ्ना आवश्यकता पूरा गरूँ भन्ने हुटहुटी र दौडधुप मात्र रहेको देखिन्छ। सबै मानिसहरू सपनालाई विपनामा बदल्ने दौडमा हुन्छन्। आज सहरका धेरै मानिसहरू अरूको पेटमा लात मार्ने तथा जस्तोसुकै कार्य गर्न पनि तयार हुने गरेको अवस्था छ। देश बनाउन बाचा गर्ने राजनीतिक पार्टीका नेता हुन् कि राष्ट्र सेवाको कसम खाएका कर्मचारी, सबै भ्रष्टाचार र घुसखोरीमा लिप्त भेटिन्छन्। समाज सुधार र परिवर्तनमा लागेका भनिने धेरै सामाजिक अभियन्ता समेत द्रव्यपिपासु बनेका देखिने वर्तमान समयमा जीवनको गर्जो टार्न दिन रात दौडिने मानिसलाई कहाँ फुर्सद अरूका बारेमा सोच्न ? गरिबीको रेखामुनि रहेका असहायहरूको हरेक जाडो मौसममा कठ्याङ्ग्रिएर मृत्यु भएका समाचारहरू सुन्न पाइन्छ। यस्तै मध्ये मृत्युको मुखमा पुगेको साहाराबिहीन गरिब पात्र कविताको प्रारम्भदेखि अन्त्यसम्म कहानीको विषय बनेर आएको छ।

कथाको शैलीमा सम्बोधकले 'गरिब'को नाजुक अवस्थाको बेलीविस्तार मात्र सुनाएको छ। वैचारिक तथा आर्थिक कुनै प्रकारको सहयोगको प्रसङ्ग कवितामा कहीँ कतै आएको छैन। त्यसैले सम्बोधक मध्यम अथवा उच्च वर्गको हुन सक्ने अनुमान गर्न सकिन्छ। विपन्न वर्गलाई सहयोग गर्ने हातहरू नभेटिएकोप्रति दुःख व्यक्त गरिएको छ तर वाचक आफूले त्यो गरिब पात्रलाई सहयोग गरेको वा नगरेको कुनै प्रसङ्ग प्रस्तुत गरिएको छैन। त्यसैले यस कवितामा कविले अति न्यून वर्गका मानिसहरूको यथार्थता र बाध्यात्मक परिस्थितिलाई सम्बन्धित र जिम्मेवार पक्षसँग प्रस्तुत गरेर सबैलाई समानताको दृटिले हेर्न आग्रह गरेका छन्।

**वैचारिक सन्दर्भ**: यस सङ्कथनको कारूणिक प्रकृतिको वार्णिक प्रसङ्गले श्रोतालाई आफ्नो अगाडि 'त्यो गरिब' पात्रको दृश्य देखिरहेको भान हुन्छ। कविता सुन्दै जाँदा श्रोताको मानस्पटलमा ब्रह्ममुहर्तदेखि पहिलो घामको किरण आउन लागेको समयमा घरका छाना, चउर, बाटोघाटो आदि जतातत्तै तुसारोले ढाकेको बेलामा च्यातिएर धुजाधुजा भएको लुगा, फाटेको टोपी र लँगोटी मात्र लगाएर बिना चप्पल सडकमा कक्रिएर बसेको गरिबको दृश्य आँखामा नाच्न थाल्छन्। गरिब पात्रका आँखीभौँ तुसारोले ढपक्क ढाकेको छ; जुन बुढ्यौलीले छोएपछि सेतै फुलेको जस्तो पनि देखिन्छ। नजिक गएर हेर्दा उसका हातखुट्टा नीला भैसकेका छन्। 'त्यो गरिब' अरूबाट उपेक्षित, तिरस्कृत हुनुका साथै कसैले दया भावले दिए खाने, लाउने; नदिए चुपचाप सहेर बस्ने बानी परिसकेको छ भन्ने कुरा प्रस्ट हुन्छ।

राणाशासनको अन्त्य भएपछि जनताको आधारभूत आवश्यकता पूरा गर्न र सामान्य वर्गका जनताको मुहार फेर्ने काममा सरकारको सहयोग पाउने आशा निराशामा परिणत भएको साङ्केतिक सन्दर्भ कवितामा उल्लेख भएको छ। साथै नेपालमा प्रजातन्त्र आएपछि पटक-पटक राजनीतिक व्यवस्था परिवर्तन भए पनि हुँदा खाने वर्गको अवस्थामा कुनै परिवर्तन नआएको वर्तमान समयमा पनि यो कविता र यसले उठान गरेको विषयवस्तु उत्तिकै सान्दर्भिक देखिन्छ। अन्यायमा परेको वर्गले व्यवस्था परिवर्तनका निम्ति समय-समयमा आवाज उठाउँदा-उठाउँदा थाकेका जनता मौन बस्न बाध्य छन्। त्यसैले यस पाठमा लाक्षणिक रूपमा गरिबको मौनताभित्र नेपाली जनताको पीडा लुकेको कुरा सहजै अनुमान गर्न सकिन्छ। यदि गरिबले उच्च वर्गसँग सहयोग मागेको र उनीहरूकोभन्दा फरक प्रतिक्रिया व्यक्त गरेको खण्डमा घृणा, गाली, तिरस्कार तथा दमन सहनुभन्दा मौन रहनु नै बेस हुन्छ भन्ने साङ्केतिक तथा

लाक्षणिक प्रकृतिको वैचारिक अभिव्यक्ति तिवारीको यस कवितामा पाइन्छ। 'त्यो गरिब' पात्रको खटपटीले अप्रत्यक्ष रूपमा गरिब जनताको छटपटीलाई सङ्केत गरेको छ। घरी सडकको छेउमा बस्ने, घरी पूर्वतिर हेर्ने उसको क्रियाकलापले पञ्चायती व्यवस्था परिवर्तन होला कि भन्ने झिनो आस र पर्खाइमा जनतामा परेको खटपटी देख्न सकिन्छ। यसका आधारमा तिवारी तत्कालीन सरकारको गतिविधिप्रति त्यति सन्तुष्ट थिएनन् भन्ने बुझ्न सकिन्छ।

निरीह र बेसाहारा वर्गले साहारा पाउनुका साथै उसले समाजमा सम्मानपूर्वक बाँच्न पाउनु पर्छ भन्ने कविको सामाजिक यथार्थवादी तथा मानवतावादी चिन्तन यस कवितामा कलात्मक रूपमा प्रस्तुत भएको छ। वाचकले दर्साएको 'त्यो गरिब' पात्रको दृश्यप्रति श्रोताको ध्यानाकर्षण गर्न कवि सफल भएका छन् । नेपालका विभिन्न स्थान तथा काठमाडौँ उपत्यकाको सडक पेटीमा रहेका बेसाहारा वर्गका मानिसहरूले हरेक जाडोमा ज्यान समेत गुमाउनु परेको छ । यसैगरी पेटभित्र आगो बलेको प्रसङ्गले निम्न वर्गका मानिसहरू भोकभोकै तड्पिएर बस्न बाध्य छन् भन्ने कुरा दर्साएको छ । यस कवितामा सरकारी उच्च निकायका व्यक्तिहरूले अति निम्न वर्गका परिवारको बेवास्ता गर्न नहुने कुराको सङ्केत गरेको देखिन्छ। यहाँ गरिबले पनि समाजमा स्वाभिमानपूर्वक आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्दै स्वतन्त्र रूपले बाँच्न पाउनु पर्छ भन्ने आशय व्यक्त गरिएको छ। अर्थात् कविद्वारा सरकारका उच्च पदस्थ व्यक्ति तथा सम्भ्रान्त वर्गका व्यक्ति, सामाजिक अभियन्ता लगायत समस्त सर्वसाधारणलाई समेत संवेदनशील भई निमुखा जनताप्रति सहयोग गर्न याचना गरेका छन् । यस आधारमा कविको सामाजिक यथार्थवादी चिन्तन मार्मिक रूपले प्रयोग भएको पाइन्छ । यहाँ कविको उच्च वैचारिक प्रस्तुति प्रयोग भएको छ।

## निष्कर्ष

यस लेखमा सरल र सम्पूर्ण पाठकले बुझ्न सक्ने भाषिक अभिव्यक्ति भएको 'काम्यो लुग्लुग त्यो' कविताको संसक्ति र संज्ञानात्मक सन्दर्भ विश्लेषण गरिएको छ । पाठमा माघ महिनालाई मुख्य समय बनाएर विषयवस्तुको उठान गरिएको छ भने स्थानका रूपमा तुसारो परेको अत्यन्त चिसो सडकको प्रसङ्ग उल्लेख छ। पाठको बाह्य पक्षअन्तर्गत व्याकरणिक संसक्तिका सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजनमध्ये क्रियात्मक संयोजन एउटा मात्र शब्द 'तर' को प्रयोग भएको छ। तुलनात्मक सन्दर्भनभन्दा दर्शकवाचक सन्दर्भन र व्यक्तिवाचक सन्दर्भन कम पाइएको छ । यसैगरी कोशीय संसक्ति अन्तर्गतका पुनरावृत्ति, पर्यायवाची, समावेशी र विपरीतार्थी शब्दहरूको प्रयोग भए पनि विपरीतार्थी शब्द (निभ्दैन - सल्कन्छ) एउटा मात्र प्रयोग भएको छ । अनुप्रासयुक्त शैलीमा भएको वर्ण, पद, पदावली र पङ्क्तिको पुनरावृत्ति तथा वार्णिक छन्दको प्रयोगले कवितालाई लयबद्ध बनाएको छ । सहभागीको कुरा गर्दा सम्बोधक सक्रिय छ। उसले एकोहोरो रूपमा कारुणिक दृश्य झल्किने गरी वर्णन गरेको छ तर सम्बोधित सहभागी निष्क्रिय रहेको देखिन्छ। सम्बोधकले प्रस्तुत गरेको कारुणिक भावमा कविभित्रको मानवताको भाव तथा समानताको भाव प्रस्तुत भएको छ।

लेखकले हरेक रचना गर्दा कुनै न कुनै उद्देश्यले लेखेको हुन्छ । यस पाठमा गरिबको पेटमा सल्किएको आगो निभाउन सरकारले चाँडै नै पहल गर्नु पर्छ भन्ने उद्देश्यले कविले भूतकालमा देखिएको दृश्यलाई वार्णिक रूपमा प्रस्तुत गरेका छन् । भोक, तिर्खा तथा अत्यधिक चिसोले कठ्याङ्ग्रिएको कारुणिक दृश्यमा 'त्यो गरिब' पात्रले जीवनमा सङ्गति नभेटेको तथ्य प्रस्तुत भएको छ। यहाँ जाडोका समयमा सहाराविहीन निम्नवर्गका मानिसको वस्तुस्थितिलाई यथार्थपरक, मार्मिक र कारुणिक ढङ्गले प्रस्तुत गरिएको छ। आजको मानिसमा परोपकारी भावना, एक आपसको सद्भाव र मानवीयता हराउँदै गएको सामाजिक परिवेशको चर्चा वर्णनात्मक शैलीमा साङ्केतिक तथा अप्रत्यक्ष रूपमा गरिएको छ। नेपालीमा भएको परोपकारी गुणलाई हराउन दिनु हुन्न, हामीमा सेवाभाव हुनुपर्छ भन्ने आग्रह यस कविताले गरेकोछ । आपसी सहयोगको भाव भएमा मात्र हाम्रो समाज समुन्नत समाज बन्न सक्छ ।

कवितामा प्रयुक्त लेखकको विचार र विषयवस्तु करिब पाँच/छ दशकपछिको वर्तमान समयमा पनि व्यवस्थाको परिवर्तनअनुसार जनताको अवस्थामा परिवर्तन नआएको सन्दर्भमा उत्तिकै अर्थपूर्ण छ । व्यवस्था परिवर्तनका कुरा गर्दा राणाशासनको अन्त्यपछि प्रजातन्त्र, पञ्चायत, लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा प्रत्येक आन्दोलनले व्यवस्थामा परिवर्तन ल्याए तर तल्लो वर्गका मानिसको जनजीवनको अवस्थामा परिवर्तन हुन सकेको छैन । यस पाठको समय, पात्र, विचारको शृङ्खला तथा लयबद्ध प्रस्तुतिमा कविको उच्च कवित्व कलाकारिता झल्किएको छ । तिवारीले समय र परिवेशअनुसारको पात्रको छनोट गरेर एकालापपूर्ण वर्णनात्मक प्रस्तुतिका आधारमा कविताको रचना गरेका छन् । वाचक वा सम्बोधकले एकोहोरो रूपमा अति विपन्न वर्गको वस्तुस्थितिलाई उजागर गरेको भए पनि सम्बोधित निस्क्रिय भएको प्रसङ्गले अभिभावक अर्थात् सरकार तथा सरोकारवाला पक्षलाई सम्बोधकको कुराले कतै पनि छोएको देखिँदैन । समाज र समाजका सदस्यको जिम्मा राज्यले लिनुपर्छ, वेवास्ता गर्नुहुन्न।

## सन्दर्भ सामग्री


अधिकारी, मनोज (२०७३), *पूर्वतिर उपन्यासको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोध प्रबन्ध), शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

कार्की, गीता (२०७४), *साविति उपन्यासको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

काफ्ले, मरिचमन(२०७५) *जुम्ली देउडा गीतको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

गिरी, राजेन्द्र (२०७६, श्रावन ४), संसक्ति व्यवस्थाका दृष्टिले नासो कथाको विश्लेषण (समीक्षा), *चितवन पोस्ट दैनिक*।

गौतम, देवीप्रसाद (२०७६), *सङ्कथन विश्लेषण,* रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड). सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

चन्द, टेकबहादुर (२०७३), *भ्रमर उपन्यासको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६८) *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : शुभकामना प्रकाशन ।

नेपाल, चण्डिका (२०७७), *लक्ष्मीपूजा कथाको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

नेपाल, शक्तिराज (सन् २०२१), सालको पात टपरी गीतको सङ्कथन विश्लेषण, *दृष्टिकोण,* अङ्क ११, सङ्ख्या १ पृपृ. २६९-२८३ ।

न्यौपाने, भागीरथा (सन् २०२२),'असनको डबली' निबन्धको सङ्कथन विश्लेषण, *अ पिअर रिभ्युड जर्नल अन सोसल साइन्स,* अङ्क १, सङ्ख्या १, पृपृ. १०८-११६ ।

पुरी, संगीता (२०७३), *नमस्ते निबन्धको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

पोखरेल, केशवराज (सन् २०१९), भोलिको नेपाल कविताको सङ्कथन विश्लेषण, *एजुकेसन क्वाटर्ली,* अङ्क ३, सङ्ख्या १, पृपृ. १६५-१८० ।

पौडेल, माधवप्रसाद (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा. लि. ।

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा. लि. ।

भट्टराई, भरतकुमार (२०७१), *सङ्कथन संरचना र संसक्ति व्यवस्था,* काठमाडौँ: नेपाली केन्द्रीय विभाग, पूर्णङ्क १५, पृपृ. ४७-५६ ।

भण्डारी, पारसमणि; घिमिरि, तुलसीराम; नेपाल, शक्तिराज (२०६५), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७८क), *प्रायोगिक भाषाविज्ञान: सङ्कथन, शैली र प्रकरणार्थविज्ञान,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन प्रा. लि. ।

भुसाल, केशव (२०७८ख),*सङ्कथन विश्लेषण: सिद्धान्त र प्रयोग,* काठमाडौँ : सन्लाइट पब्लिकेसन ।

भुसाल, केशव (२०७५) *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), शिक्षाशास्त्र सङ्काय, त्रिवि, कीर्तिपुर ।

लम्साल, रामचन्द्र; ज्ञवाली, रामप्रसाद;भट्टराई, गणेशप्रसाद; अधिकारी, बाबुराम; गौतम, वासुदेव; शर्मा गैरे, नारायणप्रसाद र अधिकारी, गणेशराज (२०६३), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

Bhatia, V. K.; Flowerdew, J.; & Jones, R. H. (2008). Approaches to discourse Analysis. In Vijay K. Bhatia, John Flowerdew & Rodney H. Jones *(eds.), Advances in discourse studies (pp*. 1-16).

Carter, R., and Simpson, P. (1995). *Language, discourse and literature: An introductory reader in discourse stylistics.*

Gee, J. P. (1999). *An introduction to discourse Analysis: Theory and method*. Routledge.

Stubbs, M. (1983). *Discourse analysis: the sociolinguistic analysis of natural language*: Blackwell.

**लेखक**

**भागीरथा न्यौपाने** त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पसमा नेपाली शिक्षा विषयको उप-प्राध्यापकको रूपमा कार्यरत हुनुहुन्छ । उहाँले त्रिविबाट नेपाली शिक्षा विषयमा स्नातकोत्तर गर्नुभएको छ । हाल सोही विश्वविद्यालय अन्तर्गत ग्राजुएट स्कुल अफ एजुकेशनमा नेपाली शिक्षा विषयमा विद्यावारिधिको शोधार्थी हुनुहुन्छ । भाषा नीति तथा योजना, मातृभाषा तथा बहुभाषा शिक्षा, भाषिक चिन्तनका साथै शैलीविज्ञान र सङ्कथन विश्लेषणका क्षेत्रमा विशेष रुचि राख्नुहुन्छ ।